आज मिति २०८२ साल पुष १८ गते विहान ११:०० बजे शुक्रवारका दिन यस ठाँटीकाँध गाउँपालिकाको ६६ औं कार्यपालिका बैठक गाउँपालिकाका अध्यक्ष श्री रक्ष बहादुर शाह ज्यू को अध्यक्षतामा देहाय अनुसारका पदाधिकारीज्यूहरुको उपस्थितिमा सञ्चालन गरियो।

<u>उपस्थिति</u>

| क सं | पदाधिकारीको नाम थर | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री रक्ष बहादुर शाह | गाउँपालिका अध्यक्ष | ठाँटीकाँध गापा दैलेख | |
| २ | श्री देवीराम वडुवाल | गाउँपालिका उपाध्यक्ष | ठाँटीकाँध गापा दैलेख | |
| ३ | श्री तुलसी प्रसाद उपाध्याय | प्रमुख प्रशासकीय अधिकृत | ठाँटीकाँध गापा दैलेख | |
| ४ | श्री चक्र बहादुर वि.क. | वडाध्यक्ष | ठाँटीकाँध गापा १ दैलेख | |
| ५ | श्री प्रेम बहादुर मगर | वडाध्यक्ष | ठाँटीकाँध गापा २ दैलेख | |
| ६ | श्री भरत बहादुर वम | वडाध्यक्ष | ठाँटीकाँध गापा ३ दैलेख | |
| ७ | श्री केहरसिंह कठायत | वडाध्यक्ष | ठाँटीकाँध गापा ४ दैलेख | |
| ८ | श्री लाल बहादुर शाही | वडाध्यक्ष | ठाँटीकाँध गापा ५ दैलेख | |
| ९ | श्री जोरासिंह रोकाया क्षेत्री | वडाध्यक्ष | ठाँटीकाँध गापा ६ दैलेख | |
| १० | श्री कल्पना थापा | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| ११ | श्री प्रतिमा नेपाली | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| १२ | श्री प्रेमा कामी | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| १३ | श्री मिठ्ठु थापा | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| १४ | श्री रमेश वि· क· | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| १५ | श्री रुपा थापा वि· क· | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| | आमन्त्रित कर्मचारीहरु | | | |
| १ | श्री हरि बहादुर शाही | सूचना प्रविधि अधिकृत | ठाँटीकाँध गापा दैलेख | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| | | | | |

मिति २०८२/०९/१८ गतेको ६६ औं गाउँ कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

प्रस्तावहरु :

प्रस्ताव नं.१

कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान, वीरेन्द्रनगर सुर्खेतको सुचना अनुसार स्थानीय स्तरमा एकीकृत सेवा प्रवाह (OSSD) स्थापना र सञ्चालनका लागि प्रस्ताव पेश गर्ने सम्बन्धमा ।

प्रस्ताव नं २

प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फको योजना संशोधन सम्बन्धमा ।

निर्णयहरु :

निर्णय नं १

प्रस्ताव नं १ माथि छलफल गर्दा कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान, वीरेन्द्रनगर सुर्खेत स्थानीय स्तरमा एकीकृत सेवा प्रवाह (OSSD) स्थापना र सञ्चालनका लागि मिति २०८२।०९।१७ मा प्रकाशित सुचना अनुसार प्रस्ताव आव्हान गरिएकोमा सो सेवा स्थापना र सञ्चालन गर्न यस गाउँपालिकाको तर्फबाट देहाय अनुसारका प्रतिवद्धता सहित प्रस्ताव पेश गर्ने निर्णय गरियो । सो प्रतिवद्धता अनुसार एकीकृत सेवा प्रवाह (OSSD) स्थापना र सञ्चालनका लागि यस पालिकालाई छनोट गरीदिनुहुन श्री कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान, वीरेन्द्रनगर सुर्खेत अनुरोध गर्ने निर्णय गरियो ।

प्रतिवद्धताहरु

१) एकीकृत सेवा प्रवाह (OSSD) स्थापना र सञ्चालनका लागि आबश्यक लागत सहभागिता गाउँपालिकाले व्यहोर्ने छ ।

२) एकीकृत सेवा प्रवाह (OSSD) स्थापना र सञ्चालनका लागि आबश्यक नीति तथा कार्यविधि गाउँपालिकाले निर्धारित समयमै निर्माण गर्ने ।

३) एकीकृत सेवा प्रवाह (OSSD) को दीगो सञ्चालन र व्यवस्थापनका लागि आबश्यक जनशक्ति र मर्मत संभारका लागि रकम विनियोजन समेत गाउँपालिकाले गर्ने ।

निर्णय नं २

प्रस्ताव नं २ माथि छलफल गर्दा यस गाउँपालिकाको मिति २०८२।०६।०१ मा भएको ६० औं कार्यपालिका बैठकको ३ नं निर्णयानुसार प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फका देहायका योजना संशोधन गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

| क्र सं | स्वीकृत योजना तथा कार्यक्रमको नाम | योजनास्थल | विनियोजित रकम रु | संशोधित योजना तथा कार्यक्रम र योजनास्थल | विनियोजित रकम रु | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|---|---|---|
| १ | सामुदायिक वहुद्देशीय संस्थाको भवन निर्माण | ठागापा ६ अंगालडाँडा | १०००००० | सामुदायिक वहुद्देशीय संस्थाको फिल्ड र पर्खाल निर्माण ठागापा ६ अंगालडाँडा | १०००००० | जमीनको सतह नमिलाई भवन निर्माण नहुने र भवन निर्माणका लागि रकम अपुग हुने भएकाले |